नेपाल सरकार
अर्थ मन्त्रालय
बजेट तथा कार्यक्रम महाशाखा

पत्र संख्याः बजेट प्रशासन-२०८०/८१
च. नं.:- ४४६

सिंहदरबार, काठमाडौं
नेपाल।

मितिः २०८०/१०/०९

विषयः **सशर्त अनुदानका आयोजना/कार्यक्रम सम्बन्धमा।**

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, विराटनगर।
श्री अर्थ मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर।
श्री आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश, पोखरा, कास्की।
श्री अर्थ मन्त्रालय, लुम्बिनी प्रदेश, देउखुरी, दाङ।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश, बिरेन्द्रनगर, सुर्खेत।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, सुदूर पश्चिम प्रदेश, धनगढी, कैलाली।

आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेशको च.नं.२९१, मिति २०८०/०९/२० को पत्रबाट संघ सशर्त अनुदानमा प्रदेश सरकारबाट सञ्चालित विभिन्न सडक, खानेपानी, सिञ्चाई तथा नदी नियन्त्रण योजनाहरूका सन्दर्भमा विगत आ.व.देखि कार्य सुरू भएका र हालसम्म उक्त योजनाहरूको निर्माण कार्य सम्पन्न नभएका, चालु आर्थिक वर्षको बजेट विनियोजनको क्रममा संघीय सरकारबाट उक्त योजनाहरूमा विनियोजित बजेट अपर्याप्त भएका कारण आयोजना सञ्चालन/सम्पन्न गर्नमा कठिनाई भएकाले सशर्त अनुदानबाट सञ्चालित आयोजनाका हकमा थप बजेट व्यवस्था तथा नीतिगत निर्णय हुन अनुरोध भई आएकोमा चालु आर्थिक वर्ष २०८०/८१ का लागि मात्र तपसिल बमोजिम हुने गरी निर्णय भएको व्यहोरा मिति २०८०/१०/०८ (माननीय मन्त्रीस्तर) को निर्णयानुसार अनुरोध छ।

**तपसिलः**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा (PLMBIS) मा सशर्त अनुदानका रुपमा वित्तीय हस्तान्तरण भएको स्वीकृत बार्षिक कार्यक्रमको मात्र एक आयोजनाबाट अर्को आयोजनामा बजेट थपघट गरी रकमान्तर/कार्यक्रम संशोधन गर्न प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय/आर्थिक मामिला तथा सहकारी मन्त्रालय/अर्थ मन्त्रालयलाई जिम्मेवारी दिने। तर नयाँ कार्यक्रम सञ्चालन गर्ने गरी रकमान्तर/कार्यक्रम संशोधन गर्न नपाइने। यसरी रकमान्तर/कार्यक्रम संशोधन गर्दा क्षेत्रगत रूपमा विनियोजित रकम कुल क्षेत्रगत बजेट सीमामा फरक नपर्ने गरी आवश्यकता र औचित्यताका आधारमा रकमान्तर/थपघट गर्ने (जस्तैः सिंचाई क्षेत्रको भए सिंचाईमा, सडक क्षेत्रको भए सडकमा र खानेपानी क्षेत्रको भए खानेपानीमा)।

२०८०/१०/९

नेपाल सरकार
अर्थ मन्त्रालय
बजेट तथा कार्यक्रम महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

२. चालु आर्थिक वर्षको बजेट तर्जुमाका बखत केही कार्यक्रममा एकमुष्ट रकम विनियोजन भएको र सोही एकमुष्ट रकम वित्तीय हस्तान्तरण भएकोमा संघको विषयगत मन्त्रालयले कुनै मापदण्ड/कार्यविधि बाट सशर्त अनुदानका आयोजना/कार्यक्रम कार्यान्वयन गर्नु पर्ने भनि परिपत्र गरेको अबस्थामा सोही बमोजिम गर्ने। यदी मापदण्ड कार्यविधि नभएको खण्डमा तत् तत् आर्थिक मामिला/अर्थ मन्त्रालयले सो एकमुष्ट रकम कार्यक्रमको उदेश्यमा फरक नपर्ने गरी माग गरेको सम्बन्धित मन्त्रालयको कार्यालयहरूमा रकमान्तर गरी बाँडफाट गरी दिने।

३. सशर्त अनुदानका आयोजना/कार्यक्रम हस्तान्तरण हुनु अघि संघबाट ठेक्का सम्झौता भएको, अर्थ मन्त्रालयले स्रोत सहमति दिएको, ठेक्का सहित सशर्त अनुदान हस्तान्तरण भएको, चालु आ.व.को सशर्त अनुदानतर्फको स्वीकृत वार्षिक आयोजना/कार्यक्रममा समावेश भएको, तर न्यून बजेट विनियोजन भएको आयोजना/कार्यक्रमको हकमा सिर्जित दायित्वको स्रोत व्यवस्थापन प्रचलित कानून वमोजिम संघीय सरकारका सशर्त कार्यक्रमबाट वा प्रदेश सरकारका आफ्नै कार्यक्रमबाट उक्त कार्यको लागि तत् तत् प्रदेशको आर्थिक मामिला/अर्थ मन्त्रालयबाट रकमान्तर गर्ने।

४. माथी बुदां नं. १, २ र ३ वमोजिमका सशर्त अनुदानतर्फका आयोजना/कार्यक्रममा रकमान्तर/कार्यक्रम संशोधन पश्चात तत् तत् प्रदेशका सम्बन्धित मन्त्रालयहरुबाट संघको मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्टी गरी तत् तत् प्रदेशका आर्थिक मामिला/अर्थ मन्त्रालयमा माग गर्ने। यस्तो मागहरु प्रदेशको तत् तत् आर्थिक मामिला/अर्थ मन्त्रालयले रकमान्तर गरी त्यस पश्चात मात्र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा रकमान्तर गर्ने।

५. हाल संघीय राजस्व संकलन लक्ष्य अनुसार हुन नसकेको र संघीय सञ्चितकोष ऋणात्मक रहेकोले स्रोत व्यवस्थापनमा परेको दवाबका कारण यस मन्त्रालयबाट थप निकासा दिन नसकिने।

(राम कुमार श्रेष्ठ)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२११११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np